प्रदेश सरकार

लुम्बिनी प्रदेश

# उद्योग,बाणिज्य तथा आपुर्ति मन्त्रालय

**मुकामः बुटवल, नेपाल**

## कम्प्युटर मेसिनरीहरु खरिद गर्ने सम्बन्धी शिलबन्दी दरभाउपत्र आव्हानको सुचना

प्रथम पटक प्रकाशित मिति (२०७८।११।३०)

यस उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत बजेट तथा कार्यक्रम अनुसार आवश्यक सामाग्री,(कम्प्युटर, प्रिन्टर) खरिद गर्नु पर्ने भएकोले नियमानुसार नेपाल सरकारबाट मान्यता प्राप्त फर्म वा दरभाउपत्रदाताबाट निम्न उल्लेखित शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउ पत्र आह्वान गरिन्छ ।

सर्तनामाहरु

१. यो सूचना पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १५ दिन भित्र यस उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट दरभाउपत्र फारम दस्तुर रु. १०००।- (रु. एक हजार) फिर्ता नहुने गरी रा.बा. बैकमा रहेको खाता नं. १०००२०००१०००० कार्यालय कोड नंम्बर ३०७००४८०१५ राजश्व शिर्षक १४२२९ मा जम्मा गरेको सक्कल रसिद, नवीकरण भएको इजाजतपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र र करचुक्ता प्रमाणपत्रको प्रमाणीत प्रतिलिपीहरु निवेदनसाथ संलग्न राखी कार्यालय समय भित्र दरभाउ पत्र दाताले दरभाउ पत्र खरिद गर्न सक्नेछ ।

२. यस मन्त्रालयवाट खरिद गरेको दरभाउपत्र रीत पुर्वक भरी पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र दर्ता गराई सक्नुपर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिन दिनको २.०० बजे दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा यस मन्त्रालयमा खोलीने छ । प्रतिनिधी उपस्थित नभए पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

३. दरभाउपत्र बुझाउने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक बिदा परेमा सो को भोली पल्ट कार्यालय खुलेको दिनमा हुनेछ ।

४. दरभाउपत्र दाताले जमानत बापत आफूले कबूल गरेको रकमको २.५ प्रतिशत ले हुने रकम प्रदेश लेखा नियन्त्रक कार्यालय रुपन्देहीको नाममा रा.बा. बैंकमा रहेको खाता नं. ३१२०१००२०२०३०००० कार्यालय कोड नंम्बर ३०७००४८०१५ मा जम्मा गरेको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

५. आपूर्ति गर्ने मालसामान यस कार्यालयको माग बमोजिम संलग्न स्पेशिफिकेशन (मापदण्ड) अनुसार हुनु पर्ने छ ।

६. दरभाउपत्रमा अंक र अक्षरमा स्पष्ट सँग भ्याट सहितको दररेट स्पष्ट भर्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइने छ ।

७. दरभाउपत्र स्वीकृत गर्ने/नगर्ने, आशिंक रुपमा स्वीकृत गर्ने, पून दरभाउपत्र आब्ह्यन गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित हुने छ ।

८. दरभाउपत्र स्वीकृत भइ म्याद भित्र सम्झौता गर्न नआउने, सम्झौता भइ तोकिएको समयमा माल सामान उपलब्ध गराउन नसकेको हकमा धरौटी रकम जफत हुनेछ ।

९. नियमानुसार लाग्ने सम्पुर्ण करहरुका साथै लोड, अनलोड ढुवानी, जडान लगायतका आदि दरभाउ पत्र दाताले नै व्यहोर्नु पर्ने छ ।

१०. स्वीकृत दरभाउपत्रमा उल्लेखित माल सामान आपूर्ति भइ सामानहरुको सफल परिक्षण P.D.I. (Post-delivery inspection) पछि नियमानुसार कर कट्टी गरी रकम भूक्तानी दिइने छ ।

११. दरभाउपत्र दाताले शिलबन्दी दरभाउ पत्रमा सहीछाप गरेको र सम्बन्धित फर्मको छाप लागेको हुनु पर्नेछ । साथै कालो सुचीमा नपरेको पत्र शिलबन्दी साथ अनिवार्य पेश गर्नु पर्नेछ ।

१२.खरिद सम्बन्धी मालसामानको स्पेशिफिकेशन सम्बन्धी आवश्यक जानकारी दरभाउपत्र फाराम साथ उपलब्ध गराईने छ ।

१३. म्याद नाघी आएको तथा रीत नपुगेको दरभाउ पत्रमा कुनै कारवाही हुने छैन ।

१४. यसमा उल्लेख नभएका व्यहोराको हकमा सार्वजनिक खरिद ऐन २०६३, नियमावाली २०६४ र प्रचलित कानून बमोजिम हुनेछ ।

तपसिलः

| क्र. स. | दरभाउ पत्र नं. | विवरण | परिमाण | बैंक जमानत / धरौटी रकम (रु.) | बैंक दस्तुर | कै. |
|---|---|---|---|---|---|---|
| १. | ०१/२०७८-०७९ | Desktop computer | ९ | १४,६२५ ।- | १०००।- | |
| २. | | Laptop | ४ | ११,००० ।- | | |
| ३. | | Printer(Multifunction with ADF) | २ | ३,६२५ ।- | | |
| ४. | | Printer(Laser) | ६ | २,८५०।- | | |
| | | जम्मा | | ३२,१००।- | | |

द्रष्टव्यः दरभाउ पत्र सम्वन्धी अन्य जानकारीको लागि कार्यालय समय भित्र यस उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा सम्पर्क गर्न सकिनेछ ।